बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मितिः २०८०/०८/१२

चालू आर्थिक वर्ष २०८०/०८१ मा यस मन्त्रालयको बार्षिक कार्यक्रम अन्तर्गत तपसिलबमोजिमको कार्यक्रमहरू संघसंस्थाको साझेदारीमा सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा मन्त्रालयबाट स्वीकृत "सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७८" बमोजिम तपसिल अनुसारका कागजातहरू सहित उक्त निर्देशिकाको अनुसूची-१ को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा प्रस्तावपत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत बागमती प्रदेशभित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरूका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | अनुदान कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १. | जिल्लासेवा केन्द्र/सामुदायिक सेवा केन्द्र मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरू तथा safe house का लागि सहयोग कार्यक्रम | • संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,<br>• प्रस्तावपत्र तयार गर्दा लैससास दृष्टिकोण(कार्यक्षेत्रमा समावेशिकरणको लागि अवस्था बिश्लेषण, प्राथमिकीकरण,बजेट, कार्यान्विय र प्रभाव मुल्यांकन) सुनिश्चित भएको हुनु पर्नेछ।<br>➢ संचालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था, सम्बन्धित क्षेत्रको अनुभव, आन्तरिक तथा अन्य निकायहरुसँगको श्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित प्रस्ताव<br>• संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,<br>• अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>• संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,<br>• संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,<br>• चालू आ.व. मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरासहितको सम्बन्धित स्थानीय तहको सिफारिस,<br>• अन्य निकायबाट व्यहोरिने श्रोतको हकमा श्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण,<br>• स्थायी लेखा नं. दर्ता र कर चुक्ताको प्रमाणपत्र,<br>• समाज कल्याणमा आबद्धता प्रमाणपत्र (महिला सहकारी संस्थाको हकमा नपर्ने) र अन्य आवश्यक कागजातहरु । |
| २. | अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | |

नोटः घरेलु हिंसाबाट प्रभावितहरुको लागि सञ्चालित अल्पकालिन आश्रय सहितको जिल्ला सेवा केन्द्र/ग्रामिण सामुदायिक सेवा केन्द्र/मनोसामाजिक मनोपरामर्श केन्द्र/Safe House को खर्चको सन्दर्भमा नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका विभागको **महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शनको अनुसूची २४** मा उल्लेख भएको विषयमा **बागमती प्रदेश सरकारको सार्वजानिक खर्चको मापदण्ड, २०७८** को जिल्लास्तरको खर्चको परिधिभित्र प्रस्ताव पेश गर्नु पर्नेछ । त्यसैगरी अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुले तालिम प्रयोजनका लागि सोही मापदण्डको परिधिभित्र रहि प्रस्ताव पेश गर्नु पर्नेछ ।

सम्बन्धित निर्देशिका, अनुसूचि फारम लगायत अन्य बिस्तृत जानकारीको लागि मन्त्रालयको बेबसाइट mosd.bagamati.gov.np मा हेर्न तथा मोवाइल नं. ९८४६२६२६४० (कलावती पौडेल क्षेत्री) मा सम्पर्क राख्न सकिनेछ।

फोन नं. ०५७-५२४८३६, ०५७-५२३८५७, ०५७-५२७७२८, ०५७-५२३१७९,
इमेलः mosd@bagamati.gov.np, वेबसाइटः https://mosd.bagamati.gov.np

अमृत अधिकारी
अधिकृत नवौं

Scanned with CamScanner